नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार, काठमाडौं २०७२

# भूकम्पबाट प्रभावित गुम्बा/विहारहरुको संरक्षण, जीर्णोद्वार तथा पुनर्निर्माण सम्बन्धी कार्यविधि, २०७४

**प्रस्तावनाः**

२०७२ साल बैशाख १२ गते गएको विनाशकारी भूकम्प र तत्पश्चातका परकम्पहरुबाट प्रभावित गुम्बा/विहारहरुको संरक्षण, जीर्णोद्वार तथा पुनर्निर्माण कार्यलाई छिटोछरितो किसिमबाट सम्पन्न गर्ने, गराउने सम्बन्धमा प्रक्रिया निर्धारण गर्न आवश्यक भएकोले भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा ४ (२) बमोजिम देहायको कार्यविधि जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "भूकम्पबाट प्रभावित गुम्बा/विहारहरुको संरक्षण, जीर्णोद्वार तथा पुनर्निर्माण सम्बन्धी कार्यविधि, २०७४" रहेको छ ।

(ख) यो कार्यविधि भूकम्पबाट प्रभावित सय वर्ष नपुगेका सार्वजनिक गुम्बा/विहारहरुको संरक्षण, जीर्णोद्वार तथा पुनर्निर्माण कार्यका लागि मात्र लागू हुनेछ ।

(ग) यो कार्यविधि प्राधिकरणको कायकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) "प्राधिकरण" भन्नाले भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७२ अनुसार गठित "राष्ट्रिय पुनर्निर्माण प्राधिकरण" भन्ने सम्झनु पर्दछ ।

(ख) "विभाग" भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतको पुरातत्व विभागलाई सम्झनु पर्दछ ।

(ग) "समिति" भन्नाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिलाई सम्झनु पर्दछ ।

(घ) "उपभोक्ता/निर्माण समिति" भन्नाले कुनै पनि गुम्बा/बिहार व्यवस्थापन समिति अन्तर्गत गुम्बा/विहारको पुनर्निर्माण कार्यका लागि गठित उपभोक्ता/निर्माण समितिलाई बुझ्नु पर्दछ ।

(ङ) "केन्द्रीय आयोजना कार्यान्वयन इकाई" भन्नाले पुनर्निर्माण तथा पुनर्स्थापना कार्यका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत कार्यक्रम सञ्चालन गर्न स्थापना भएको इकाइलाई सम्झनु पर्दछ ।

(च) "जिल्ला आयोजना कार्यान्वयन इकाई" भन्नाले पुनर्निर्माण तथा पुनर्स्थापना कार्यका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतका स्थानीय तहको कार्यक्रम सञ्चालन गर्न स्थापना भएको इकाइलाई सम्झनु पर्दछ ।

(छ) "जिल्ला प्राविधिक कार्यालय" भन्नाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत स्थानीय तहको कार्यक्रम सञ्चालन गर्न स्थापना भएको प्राविधिक कार्यालयलाई सम्झनु पर्दछ ।

(ज) "प्राचीन स्मारक" भन्नाले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ (संशोधन सहित) को दफा २ (क) मा परिभाषित स्मारकलाई सम्झनु पर्दछ । साथै कुनै पनि गुम्बा/बिहार निश्चित रुपमा सय वर्ष पुगेको प्रमाण नभएको अवस्थामा समितिमा भएको दर्ता हेरी पुस्ताको रुपमा गणना गर्नु पर्ने भएमा चार पुस्ता पुगेको गुम्बा/विहारलाई सय वर्ष पूरा भएको स्मारक मान्न सकिनेछ ।

(झ) पुरातात्विक महत्वका वस्तु" भन्नाले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा २ (ख) मा परिभाषित वस्तुलाई सम्झनु पर्दछ ।

(ञ) "वर्गीकृत सम्पदा" भन्नाले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को प्रावधान अनुसार स्मारकको महत्व र स्वामित्वको आधारमा पुरातत्व विभागले वर्गीकरण गरेका स्मारकलाई सम्झनु पर्दछ ।

सचिव

(ट) "वर्गीकरणमा नपरेका सम्पदा" भन्नाले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को प्रावधानअनुसार वर्गीकरण नगरिएका एक सय वर्ष मुनिका स्मारकलाई सम्झनु पर्छ ।

(ठ) "संरक्षण" भन्नाले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ बमोजिम स्मारकलाई मर्मत गर्ने, सफा राख्ने समेतको प्रबन्ध गरी स्मारकलाई मौलिक स्वरुपमा दुरुस्त राख्ने कामलाई सम्झनुपर्छ ।

(ड) "पुनर्निर्माण" भन्नाले भूकम्पका कारण भत्किएका संरचनाहरुको प्राप्त प्रमाणहरुका आधारमा यथासंभव साविककै शैली, स्वरुप, आकारप्रकार, बनोट, निर्माण सामग्री र प्रविधि प्रयोग गरी पुनर्निर्माण गर्ने कार्यलाई बुझ्नु पर्दछ ।

(ढ) "उपभोक्ता समिति वा लाभग्राही समूह" भन्नाले विहार, गुम्बा, चैत्य, स्तूप आदिको परम्परादेखि संरक्षण, सम्वर्द्धन, रेखदेख, पूजाआजा, व्यवस्थापन गर्दै स्मारकको जीवन्त पक्षलाई संरक्षण गर्न योगदान पुऱ्याई आएको स्थानीय समुदायलाई सम्झनु पर्दछ र सो शब्दले सामाजिक, धार्मिक एवं सांस्कृतिक रुपमा गुठी समुदाय, लामा एवं आनीहरुको समूह वा अन्य संरक्षण समूहलाई समेत जनाउँदछ ।

(ण) "स्थानीय तह" भन्नाले गाउँपालिका/नगरपालिकालाई सम्झनु पर्दछ ।

(त) "डोलिडार" भन्नाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागलाई सम्झनु पर्दछ ।

३. **गुम्बा/बिहारहरुको वर्गीकरण र पुनर्निर्माण प्राथमिकीकरण:** (१) पुनर्निर्माण गर्दा जोखिमयुक्त गुम्बा/विहारहरुलाई पहिलो प्राथमिकतामा र अन्य गुम्बाहरुलाई क्रमशः क्षतिको स्तर वर्गीकरण गरी सोही बमोजिम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वर्गीकृत गुम्बा/विहारहरुको मर्मत, संभार, जीर्णोद्वार, संरक्षण तथा पुनर्निर्माण गर्दा गुम्बा/बिहारहरुको प्राचीनता, स्वरुप तथा विशिष्टताका आधारमा गरिनेछ ।

(३) प्राचीन स्मारक संरक्षण ऐन, २०१३ (संशोधन सहित) बमोजिम वर्गीकरण नगरिएका गुम्बा/बिहारको मर्मत, संभार, जीर्णोद्वार, पुनर्निर्माण तथा संरक्षण गर्दा भूकम्पबाट ती गुम्बा/बिहारमा पुगेको क्षतिको स्तरलाई विश्लेषण गरी केन्द्रीय आयोजना कार्यान्वयन इकाइले प्राथमिकीकरण गर्नु पर्नेछ ।

(४) भूकम्पबाट प्रभावित गुम्बा/विहारहरुको संरक्षण, मर्मत संभार, जीर्णोद्वार तथा पुनर्निर्माण कार्यका लागि केन्द्रीय आयोजना कार्यान्वयन इकाइले निर्देशिका तयार गरी लागू गर्न सक्नेछ ।

४. **गुम्बा/बिहारहरुको पुनर्निर्माण सम्बन्धी प्रक्रिया:** (१) भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी कार्य सार्वजनिक खरिद कार्यविधि, २०७२ बमोजिम गरिनेछ ।

(२) गुम्बा/विहारहरुको संरक्षण तथा पुनर्निर्माण सम्बन्धी योजना केन्द्रीय आयोजना कार्यान्वयन इकाइले तयार गरी प्राधिकरणमा स्वीकृतिका लागि पेश गर्नु पर्नेछ ।

(३) पुनर्निर्माण गरिने गुम्बा/विहारको कामको प्रकृति, साधन, स्रोत एवं निर्माण सामग्रीको उपलब्धता तथा भौगोलिक कठिनाइका आधारमा आयोजनाको कार्य सम्पन्न हुने समयावधि प्रचलित कानून तथा कार्यविधि बमोजिम हुनेछ ।

(४) अन्य संघ/संस्था तथा सहयोगदाताहरुबाट सहयोग उपलब्ध भएको अवस्थामा भने यस कार्यविधि बमोजिम कुनै अनुदान रकम प्राप्त हुने छैन । तर त्यस्तो सहयोग रकमबाट पुनर्निर्माण कार्य अधुरो रहने अवस्थामा भने बाँकी रकम उपलब्ध गराई पुनर्निर्माण कार्य सम्पन्न गरिनेछ ।

५. **कार्यान्वयन प्रक्रिया :** (१) भूकम्पबाट पूर्ण क्षतिग्रस्त गुम्बा/विहार सम्बन्धित गुम्बा/विहार उपभोक्ता/निर्माण समितिले आफनै लगानीबाट मुख्य गुम्बा/बिहारको पुनर्निर्माण कार्य सम्पन्न गरिसकेको रहेछ भने गुम्बा/विहारको अन्य संरचना (शौचालय, भान्छा कोठा, लामा बस्ने कोठा) निर्माण गर्नका लागि लागत अनुमान भित्र रही अनुदान दिन सकिनेछ ।

(२) भूकम्पबाट क्षति भएका गुम्बा/बिहार पुनर्निर्माणका लागि स्वीकृत कार्यक्रम अनुसारको बजेट भूकम्पबाट क्षति भएका गुम्बा/बिहारहरुको संरक्षण, मर्मत, सम्भार, जीर्णोद्वार तथा पुनर्निर्माण कार्यमा मात्र खर्च गर्नु पर्नेछ ।

सचिव

(३) पुनर्निर्माण कार्यको अनुगमन तथा भैपरी वापत विनियोजित बजेटको बढीमा ३ प्रतिशत रकमसम्म हुनेछ ।

(४) जिल्ला प्राविधिक कार्यालय/जिल्ला आयोजना कार्यान्वयन इकाईले गुम्बा/विहार पुनर्निर्माणको कार्य हेर्नका लागि एक जना फोकल व्यक्तिलाई स्पष्ट जिम्मेवारी सहित तोक्नु पर्नेछ र निजले प्रत्येक गुम्बा/विहारको पुनर्निर्माण सम्बन्धी अध्यावधिक प्रगति विवरण आवधिक रुपमा प्राधिकरण, केन्द्रीय आयोजना कार्यान्वयन इकाई तथा समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) भूकम्पबाट प्रभावित गुम्बा/विहारहरुको पुनर्निर्माण गर्दा सम्बन्धित उपभोक्ता/निर्माण समिति मार्फत पुनर्निर्माण गर्न प्राथमिकता दिइनेछ । सम्बन्धित गुम्बा/विहार व्यवस्थापन समितिबाट उक्त कार्य गर्न नसक्ने भनी सिफारिश भई आएको खण्डमा जिल्ला प्राविधिक कार्यालय/जिल्ला आयोजना कार्यान्वयन इकाइले ठेक्का मार्फत उक्त कार्य गर्न, गराउन सक्नेछ ।

(६) क्षतिग्रस्त गुम्बा/विहारहरुको पुनर्निर्माण पश्चात रङ्गरोगन गर्ने, थाङ्का लेख्ने, मूर्ति राख्ने लगायत यस सम्बन्धी अन्य कार्यहरु सम्बन्धित गुम्बा/विहारसँग सम्वद्ध उपभोक्ता समितिले आफ्नै खर्चमा गर्नु पर्नेछ । यस बाहेक गुम्बा/बिहारको पुनर्निर्माण गर्न लाग्ने कूल लागतको १० प्रतिशत बराबरको योगदान उपभोक्ता/निर्माण समितिले नै गर्नु पर्नेछ ।

(७) विनियोजित रकमभन्दा बढी रकमको लगत इष्टिमेट भएको खण्डमा बढी भएको रकम सम्बन्धित गुम्बा/विहार उपभोक्ता/निर्माण समितिले व्यहोर्नु पर्नेछ ।

(८) गुम्बा/विहारहरुको पुनर्निर्माण गर्दा लैङ्गिक, अपाङ्गता एवं बालमैत्री हुनु पर्नेछ ।

६. **अनुगमन तथा सुपरिवेक्षण समिति:** (१) भूकम्पबाट प्रभावित गुम्बा/विहारहरुको संरक्षण, मर्मत, संभार, जीर्णोद्वार तथा पुनर्निर्माण सम्बन्धी कार्यको आवश्यकता अनुसार अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्यका लागि देहाय बमोजिमको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरिनेछ :

| | | |
|---|---|---|
| (क) | आयोजना प्रमुख, केन्द्रीय आयोजना कार्यान्वयन इकाई, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | -संयोजक |
| (ख) | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको सम्पदा संरक्षण शाखाका पुरातत्व अधिकृत | -सदस्य |
| (ग) | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिका कार्यकारी निर्देशक/प्रतिनिधि | -सदस्य |
| (घ) | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिका उप-सचिव | -सदस्य |
| (ङ) | सि. डि. ई., भूकम्पीय गुम्बा पुनर्निर्माण आयोजना | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिम गठित समितिमा आवश्यकता अनुसार अन्य विज्ञहरुलाई समेत आमन्त्रित गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम गठित समितिले सुपरिवेक्षण योजना तयार गरी प्राधिकरणमा पेश गर्नु पर्नेछ ।

(४) गुम्बा/विहारको संरक्षण, मर्मत, संभार, जीर्णोद्वार तथा पुनर्निर्माण गर्दा योजना बमोजिम भए नभएको अनुगमन एवं निरीक्षण गरी सोको प्रतिवेदन प्राधिकरणमा पेश गर्नु पर्नेछ ।

सचिव

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार, काठमाडौं, २०७२

७. **उपभोक्ता/निर्माण समिति गठन प्रक्रिया:** (१) भूकम्पबाट प्रभावित कुनै पनि गुम्बा/विहारको संरक्षण, मर्मत, सम्भार, जीर्णोद्वार तथा पुनर्निर्माण कार्यका लागि सम्बन्धित गुम्बा/विहार व्यवस्थापन समिति अन्तर्गत देहाय बमोजिमको उपभोक्ता/निर्माण समिति गठन गर्नु पर्नेछ :

| | |
|---|---|
| (क) गुम्बा/विहार व्यवस्थापन समितिको अध्यक्ष | –अध्यक्ष |
| (ख) गुम्बा/विहार व्यवस्थापन समितिको कोषाध्यक्ष | –कोषाध्यक्ष |
| (ग) गुम्बा/विहारको लामा/आनी मध्येबाट २ जना | –सदस्य |
| (घ) सम्बन्धित वडाले सिफारिश गरेको कम्तिमा १ जना स्थानीय महिला प्रतिनिधि सहित कूल २ जना | –सदस्य |
| (ङ) गुम्बा/विहार व्यवस्थापन समितिको सचिव | –सदस्य सचिव |

(२) सम्बन्धित गुम्बा/विहारको उपभोक्ता/निर्माण समितिको कार्यप्रणाली प्रचलित कानून बमोजिम हुनेछ ।

८. **प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा लेखिएको कुरामा यसै कार्यविधि बमोजिम र अन्य कुरामा प्रचलित ऐन, नियम, निर्देशिका एवं मापदण्ड बमोजिम हुनेछ ।

सचिव